आज मीति २०६८ कार्तिक १८ गतेका दिन यस जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्ता श्री रिखमानन्द गौतम ज्यूँ को अध्यक्षतामा यस कार्यालय र जिल्ला प्रहरी कार्यालय गुल्मीका देहायका कर्मचारीहरुको सहभागितामा बसेको संयुक्त बैठकमा मुद्दाको अनुसन्धान र अभियोजन सम्बन्धमा तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिती:-

जि. न्या. व. श्री रिखमानन्द गौतम
स. जि. न्या. व. श्री मीना थापा
प्र. नि. रविन्द्र कुमार श्रेष्ठ (जि. प्र. का. गुल्मी, अ. अ. प्रमुख)
प्र. ना. नि. सुनिल जङ्ग शाह (जि. प्र. का. गुल्मी अ. अ. शाखा)
प्र. स. नि. शेर बहादुर घर्ति मगर ( — " — )
प्र. ह. नि. ओज बहादुर राठौर — " — ? — )
प्र. ह. यम बहादुर खत्री — ,, — ।
प्र. ह. विरेन्द्र श्रेष्ठ — । —
प्र. ज. सुरेन्द्र शाही — " —
प्र. ज. शिशिर पुर्वेली — " —
प्र. ज. धनसिंह पुन मगर — " —
खरिदार यादव घिमिरे जि. स. व. का.
का. स. रुपानन्द भण्डारी " — "

निर्णयहरु:

१. मुद्दाका साक्षिहरुलाई सरकारी वकील कार्यालयमा पठाउँदा एकजना प्रहरी कर्मचारीको साथमा पठाउने।
२. दुई वर्ष हदम्याद हुने मुद्दाहरुको अनुसन्धान प्रतिवेदन सहितको फाइल ६० दिन अगावै उच्च सरकारी वकील कार्यालय पठाउनुपर्ने हुनाले सो भन्दा १५ दिन अगावै यस कार्यालयमा पठाउने।
३. घटनास्थल प्रकृति मुचुल्का गर्दा पीडितले देखाए बमोजिमको घटनास्थल मुचुल्का नबेर्ने।
४. साक्षिलाई अदालत समक्ष उपस्थित गराउनको लागि समयमै सुचना गर्ने।
५. जिल्ला प्रहरी कार्यालयमा अपराध दर्ता भएपछि प्रारम्भिक प्रतिवेदन तुरुन्तै पठाउने।

६. जिल्ला प्रहरी कार्यालय गुल्मीमा अभियोग पत्र दर्ता पश्चात् अभियोगपत्रको प्रतिलिपि र फैसलाको जानकारी प्राप्त हुनसाथ फैसलाको प्रतिलिपि पठाउने ।